# संघीय संसद
## संसदीय सुनुवाई समिति
### मितिः २०७७/०८/११ गते, विहिबार

समय : विहान ११:३० बजे ।
प्रारम्भ :
अन्त्य :

**बैठक संख्या : ६५**

समितिको आजको बैठक समितिका सभापति माननीय **श्री लक्ष्मण लाल कर्ण**को सभापतित्वमा बस्यो । बैठकमा माननीय सदस्यहरुको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा० श्री लक्ष्मण लाल कर्ण (सभापति) | |
| २. | मा० श्री अमृता थापा | |
| ३. | मा० श्री जितेन्द्रनारायण देव | |
| ४. | मा० श्री देव प्रसाद गुरुङ | |
| ५. | मा० श्री नन्दा चपाई | |
| ६. | मा० श्री निरु देवी पाल | |
| ७. | मा० श्री पुष्पा भुसाल (गौतम) | |
| ८. | मा० श्री पूर्ण कुमारी सुवेदी | |
| ९. | मा० श्री भिमसेन दास प्रधान | |
| १०. | मा० श्री राजेन्द्र प्रसाद श्रेष्ठ | |
| ११. | मा० श्री शिवकुमार मंडल(केवट) | |
| १२. | मा० श्री सुमनराज प्याकुरेल | |
| १३. | मा० श्री सुरेन्द्र प्रसाद पाण्डे | |
| १४. | मा० श्री ज्ञानेन्द्र बहादुर कार्की | |

## आमन्त्रित उपस्थिति

| क्र.सं. | नाम,थर | हस्ताक्षर |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओली | |
| २. | सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीको तर्फबाट माननीय परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवाली | |
| | | |
| | | |
| | | |

**सम्बत् २०७७ साल मंसिर ११ गते बसेको यस समितिको बैठकले देहायका निर्णयहरु गऱ्यो ।**

१. संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, संबैधानिक निकायका प्रमुख वा पदाधिकारी र राजदुत पदमा नेपालको संविधानको प्रस्तावना र धारा ४२ (१) मा भएको व्यवस्था बमोजिम समानुपातिक समावेशी सिद्धान्तको आधारमा नियुक्तिका लागि समावेशी ऐन सम्बन्धी विधेयकको मस्यौदा यथाशिघ्र संघीय संसदमा पेश गर्न नेपाल सरकार मन्त्रिपरिषद्लाई निर्देशन दिने ।

२. नेपालको संविधानको धारा २८४ को उपधारा (३) बमोजिम संवैधानिक निकायका प्रमुख वा पदाधिकारीहरुको पद रिक्त हुनुभन्दा एक महिना अगावै संविधान बमोजिम नियुक्तिको लागि सिफारिस गर्ने व्यवस्था भएको भएतापनि लामो समयदेखि संवैधानिक निकाय र राजदुतको पद रिक्त रहेकोले अविलम्ब त्यस्ता पदहरुमा पदपूर्ति गर्न नेपाल सरकारलाई निर्देशन दिने ।

३. सम्माननीय प्रधानमन्त्रीज्यूको तर्फबाट समितिमा उपस्थित भई समानुपातिक समावेशी सिद्धान्त लगायतका विषयमा माननीय सदस्यहरुले उठाउनुभएका जिज्ञासाका साथै नेपाल सरकारको धारणा प्रष्ट पारिदिनुभएकोमा माननीय परराष्ट्र मन्त्री श्री प्रदिप कुमार ज्ञवालीलाई धन्यवाद ज्ञापन गर्ने ।

४. संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, संबैधानिक निकायका प्रमुख वा पदाधिकारी र राजदूत पदमा नियुक्तिका लागि नेपालको संविधानले अख्तियार गरेको समावेशी सिद्धान्तलाई अवलम्वन गर्ने विषयका सम्बन्धमा नेपाल सरकारको आधिकारिक धारणा प्रस्तुत गर्न सभापतिले समन्वय गरी सम्माननीय प्रधानमन्त्रीज्यूलाई समितिमा उपस्थिति हुन आग्रह गर्ने ।

५. समितिको अर्को बैठक २०७७ मंसिर १२ गते विहान ११:३० मा बस्ने गरी आजको बैठक सम्पन्न भयो ।